CENTURY BANK | सेञ्चुरी बैंक

# एघारौं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७८/०९/०८ मा बसेको यस बैंकको सञ्चालक समितिको ३५३ औं बैठकको निर्णयानुसार बैंकको एघारौं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति :- २०७८ पौष ३० गते, शुक्रबार (तदनुसार १४ जनवरी २०२२)

स्थान :- आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाण्डौं ।

सभा सुरु हुने समय :- बिहान ११:०० बजे । (Virtual माध्यम ZOOM APP मार्फत समेत एकसाथ सभा सञ्चालन हुनेछ)

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु :**

१. आ.व. २०७७/०७८ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७/०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडको आ.व. २०७७/०७८ आ.व. को वित्तीय विवरणसहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. यस बैंकको २०७८ आषाढ मसान्तसम्म तथा हाल कायम चुक्ता पूँजी रु. ९,०३,४४,२९,५०२.५० मा कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.३०% ले हुन आउने रकम रु.२,७३,४१,०३६.६५ नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

(१) यस बैंकको २०७८ आषाढ मसान्तसम्म तथा हाल कायम चुक्ता पूँजी रु. ९,०३,४४,२९,५०२.५० मा ५.७५% ले हुन आउने रकम रु. ५१,९४,७९,६९६.३९ बराबरको बोनस शेयर वितरण गर्ने । बोनस शेयर जारी पश्चात् कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत् राख्ने ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीमा रु. ५१,९४,७९,६९६.३९ बराबरको बोनस शेयर जारी गरे पश्चात् बैंकको जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुन जाने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रका सम्बन्धित दफाहरु संशोधन गर्ने ।

(३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

(४) सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको संस्थापक शेयरधनी समुहमा हाल रहेको ५३.४१% शेयर संरचनालाई ५१% हुने गरी शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्ने बैंकको संचालक समितिको मिति २०७८/०२/२४ गते बसेको ३४० औं बैंठकको निर्णयलाई अनुमोदन गर्ने ।

(५) सेञ्चुरी कमर्सियल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्न/गाभिन (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न/हुन वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमति र सम्झौता लगायतका कामहरू गर्न/गराउन सक्ने सञ्चालक समितिलाई प्राप्त अख्तियारीलाई निरन्तरता दिने ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

सभामा छलफल गरिने सञ्चालक समितिको प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय अवस्थाको विवरण, नाफा - नोक्सान विवरण, साधारणसभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा यस बैंकको केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाडौंमा सम्पर्क गर्नु हुन वा बैंकको Website : www.centurybank.com.np हेर्नु हुन अनुरोध गर्दछौं ।

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. एघारौं वार्षिक साधारणसभा तथा लाभांश प्रयोजनको लागि मिति २०७८ पौष १९ गते बैंकको शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७८ साल पौष १९ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भएका शेयरधनीहरुमात्र सभामा भाग लिन तथा आ.व. २०७७/०७८ को नगद लाभांश तथा वोनश शेयरको लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ (४) र (५) अनुरुप बैंकको संक्षिप्त आर्थिक विवरण समेत प्रकाशित गरिएकोले छुट्टै संक्षिप्त आर्थिक विवरण शेयरधनीको ठेगानामा पठाइने छैन।

३. शेयरधनी महानुभावहरुले साधारणसभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही (DEMAT) खाता खोलिएको कुनै एक सक्कल प्रमाण वा नागरिकता प्रमाणपत्र वा आफ्नो परिचयपत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचय पत्र साथमा लिई आउनु पर्नेछ। परिचय खुल्ने कागजात नदेखाई हाजीर गर्न तथा सभामा भाग लिन पाइने छैन।

४. बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९)को महामारी तथा नियन्त्रणको लागि सभामा सहभागी हुनुहुन शेयरधनी महानुभावहरुलाई बिशेष अनुरोध गरिएको छ। साथै, Zoom मार्फत सभामा सहभागी हुन र आफ्नो मन्तब्य राख्न सक्ने ब्यबस्था मिलाइएको हुदा यथाशक्य Zoom मार्फत उपस्थित हुन शेयरधनी महानुभावहरुलाई अनुरोध छ।

५. Zoom मार्फत उपस्थित भई साधारण सभामा सहभागी हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७२ घण्टा अगाबे आफ्नो शेयर प्रमाण पत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DMAT Account) नम्वर BOID Statement र आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको फोटो सहीतको अन्य कुनै परिचयपत्र कम्पनी सचिवको वा बैंकको आधिकारिक ईमेल ठेगाना tulsi.bhattarai@centurybank.com.np/ welcome@centurybank.com.np मा पठाउनु पर्ने छ। शेयरधनी महानुभावहरुको हितग्राही (DMAT Account) नम्वर BOID Statement र आफ्नो परिचय खुल्ने माथी उल्लेखित परिचयपत्र प्राप्त भए पश्चात शेयरधनी महानुभावहरुलाई Zoom मार्फत साधारण सभामा उपस्थित हुनको लागि Meeting ID र Password उपलब्ध गराइने छ। Zoom मार्फत उपस्थिति सम्बन्धी अन्य कुनै जिज्ञासा भएमा कम्पनी सचिवसंग सम्पर्क गर्न सक्नुहुनेछ। यस बैकको शेयरधनी महानुभावहरु बाहेकका अन्य ब्यक्तिहरुको प्रवेश नहोस भन्ने उद्धेश्यले सम्बन्धित शेयरधनी महानुभावहरुलाई मात्र साधारणसभाको Meeting ID र Password उपलब्ध गराउने ब्यवस्था गरिएको छ।

६. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। सभा हुने दिन हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म खुल्ला रहनेछ र सो समयपछि हाजिरी पुस्तिका बन्द हुनेछ। साथै बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९)को महामारी तथा नियन्त्रणको लागि सभामा सहभागी हुनु हुने शेयरधनी मानुभावहरुले मास्क, पन्जा लगायतका न्युनतम सुरक्षाको सामाग्रीहरु प्रयोग गरी सहभागी भई दिनुहुन शेयरधनी मानुभावहरुलाई बिशेष अनुरोध छ।

७. शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफु जुन समूहको शेयरधनी हो, सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाइनेछ।

८. प्रतिनिधिपत्र (प्रोक्सी फारम) सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको आधिकारिक वेभसाईट www.centurybank.com.np बाट Download गरी वा यस बैंकको जुनसुकै शाखाबाट प्राप्त गर्न सकिनेछ। प्रत्येक प्रोक्सी फारममा कम्पनी सचिवको हस्ताक्षर तथा बैंकको छाप हुनु पर्नेछ। बैंकले उपलब्ध गराएको ढाचाँमा तथा कम्पनी सचिवको हस्ताक्षर र बैंकको छाप नभएको प्रोक्सी मान्य हुने छैन। प्रत्येक प्रतिनिधिपत्र प्रोक्सी दिने र लिने स्वयंमले सक्कल हस्ताक्षर गर्नु पर्नेछ। यस बैंकमा रहेको निजको हस्ताक्षर नमुनासंग नमिलेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ। फ्याक्स वा स्क्यान गरिएको हस्ताक्षर मान्य हुने छैन।

९. प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनुभन्दा न्यूनतम ७२ घण्टा अगावै अर्थात् २०७८/०९/२७ गते बिहान ११:०० बजेभित्र बैंकको केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाण्डौंमा, दर्ता गरी सक्नुपर्नेछ।

१०. शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याई प्रोक्सी दिन पाइने छैन। बैंकको शेयरधनीबाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन। त्यसरी दिइएको प्रोक्सी बदर हुनेछ।

११. शेयरधनी संगठित संस्था वा कम्पनीले प्रतिनिधि नियुक्त गर्दा कम्पनी निर्देशिका, २०७२ को निर्देशन नं. ४३ बमोजिम करार गर्न योग्य प्राकृतिक ब्यक्तिलाई मात्र सभामा उपस्थित हुन र मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछ। संगठित संस्था वा अन्य कुनै कृत्रिम व्यक्तिलाई प्रोक्सी नियुक्त गर्न सक्ने छैन। प्रतिनिधि नियुक्ति भएकोमा प्रतिनिधि नियुक्ति पत्रसाथ सम्बन्धित संगठित संस्था वा कम्पनीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि संलग्न हुनु पर्नेछ। संगठित संस्था वा कम्पनीको प्रतिनिधि बैंकको शेयरधनी हुन आवश्यक छैन।

१२. नाबालक वा अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ।

१३. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा बैकमा प्रथम दर्ता प्रोक्सीलाई मान्यता दिइने छ। तर, पहिला दिएको प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिइएको प्रतिनिधि-पत्रलाई मान्यता दिन अनुरोध गरी स्वयंम् उपस्थित भई सनाखत गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) तोकिएको समयावधी भित्रै दर्ता गर्न ल्याएमा पछिल्लो प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) लाई मान्यता दिइनेछ।

१४. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनीले सभाको काम कारवाही शुरु हुनुभन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि-पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

१५. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरू नलिई आउनुहुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुनसमेत अनुरोध गरिन्छ।

१६. शेयरधनी महानुभावहरुले बैंकको केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाण्डौं वा बैंकको शेयर रजिष्ट्रार सेञ्चुरी क्यापिटल लिमिटेड, काठमाडौंमा सम्पर्क राखी लेखापरीक्षकको प्रतिवेदनसहितको बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदनसमेतका कागजातहरू निरीक्षण गर्न तथा प्राप्त गर्न सक्नु हुनेछ।

१७. शेयरधनी महानुभावहरूले आफ्नो जिज्ञासा वा जानकारी सभामा प्रस्तुत गर्न चाहेमा त्यस्तो जिज्ञासा वा जानकारी सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रूपमा कम्पनी सचिवमार्फत् सञ्चालक समितिको अध्यक्षलाई बुझाउनु पर्नेछ। त्यस्तो जिज्ञासा वा जानकारी सभाको विषय सूचीको विविध शीर्षकमा समावेश हुनेछ तर छलफल र पारित हुने प्रस्तावको सूचीमा समावेश हुने छैन।

१८. शेयरधनी महानुभावहरूले साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस बैंकको केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाण्डौं वा बैंकको शेयर रजिष्ट्रार सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, काठमाडौंमा तथा आफूलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ। साधारणसभा सम्बन्धी जानकारी बैंकको आधिकारिक वेभसाईट www.centurybank.com.np बाट समेत प्राप्त गर्न सकिनेछ।

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
केन्द्रीय कार्यालय: पुतलीसडक, काठमाण्डौं । फोन: ४४१२५७९,४४२८३९२ । फ्याक्स: ४४४१४२२
वेव: www.centurybank.com.np । ईमेल: welcome@centurybank.com.np